## तपाईको भाषा, तपाईको जाति, अर्थात् तपाईको आप्रबासी अवस्था जे जस्तो भए पनि तपाईहरुलाई हाम्रो सहयोग सधै खुल्ला रहने छ।

यो समयमा घरेलु हिंसा रोकिने छैन। वास्तवमा, यो अझै बढेर जान्छ भन्ने कुरामा हामी चिन्तित छौ (मलाई त्येस्तो लाग्छ) किनकि धेरै भन्दा धेरै मानिसहरु अलग भएर घरमै बसेका छन्। अहिले र यो पछिको समएमा हाम्रा सबै वर्तमान (तथा कुनै पनि नयाँ) बयस्क र बच्चा ग्राहकहरुको सहयोगका लागि हाम्रा सबै सेवाहरु उपलब्ध गराउनमा प्रतिबध रहने छौ।

Aआआपतकालीन शेल्टर, २४-हटलाइन र बाल कार्यक्रम जस्ता केहि सेवाहरु र यसका साथै नया स्क्रिनिंग, सुरक्षित रहने उपायहरू र थप आश्रय विकल्पहरू आवश्यक अनुसार सामान्य रुपमा संचालन हुनेछन्। अरु सेवाहरु फोन वा कुनै पनि सुरक्षित तरिकाबाट प्रदान गरिने छ। यदी तपाई आफ्नो आत्मिय साथीको हिंसाबाट बचेको हुनुहुन्छ वा अरु कोहि हिंसामा परेकालाई सहयोग गर्न खोज्दै हुनुहुन्छ भने, यस सम्बन्धित तपाईलाई चाहिने कुनै सुरक्षका आवश्यकताहरू वा भावनात्मक सहयोगका लागि हामीलाई हाम्रो हटलाइन कर्मचारी नम्बरमा सम्पर्क गर्न सक्नुहुनेछ।

यसका साथै, हाम्रो कानुनी वकालत विभागले आफ्नो आत्मिय साथीको हिंसाबाट बचेकाहरुको कानुनी प्रस्न र सरोकार सम्बन्धित बिसयमा अझै पनि कलहरु स्वीकार गरिराखेको छ। बिभाग ४१२-३५५-७४००, Ext ५ मा पुग्न सकिन्छ। यदी तपाई स्टाफ सदस्य सम्म पुग्न सक्नु भएन भने कृपया आफ्नो नाम, तपाईलाई सम्पर्क गर्न सकिने फोन नम्बर र त्यो नम्बरमा कलब्याक गर्न सुरक्षित छ-छैन अथवा यदि सम्पर्क नभएमा सन्देस छोड्न मिल्छ-मिल्दैन भन्ने बारे बिस्तृत सन्देस छोड्नु होला।

हाम्रा अन्य सबै सेवाहरू सामान्य रूपमा जारी रहनेछन्। हामी के गर्छौं भन्ने बारे थप जानकारीका लागि कृपया हाम्रो वेबसाइट wcspittsburgh.org मा गएर हेर्नु होला।

विज्ञहरू भन्छन सामाजिक दूरीले गम्भीर बिरामी हुने जोखिममा भएकाहरूलाई फाइदा भएता पनि, यसले आत्मिय साथीको हिंसामा परेका लगाएतका अन्यलाई पनि अझै बढी कमजोर बनाउछ। यसको मतलब यो होइनकि तपाई यसमा एक्लो हुनुहुन्छ। यदी तपाई हामीसंग सम्पर्क गर्न चाहनुहुन्छ भने, कृपया कल गर्नुहोस। तपाई जुनसुकै भाषा बोले पनि हामी दोभासे (इन्टरप्रेटर) उपलब्ध गराउनेछौ। हामी यहाँ मद्दत गर्न आएका हौ।

Women's Center & Shelter
of Greater Pittsburgh